# प्रह/प्रज अंगरक्षक तालीम

## १. परिचय,

देशमा शान्ति सुव्यवस्था र अमन चयन कायम राख्न सुरक्षा अपरिहार्य रहेको कुरामा कसैको पनि दुईमत नहोला । सुरक्षाको स्थिति भन्नु नै कुनै पनि बस्तुलाई यथास्थितीबाट परिवर्तन हुन नदिनु हो । अर्थात कुनै पनि मानिस, बस्तु र स्थितिलाई नाश हुनबाट जोगाउनु हो । यस प्रकारको महत्वपूर्ण दायित्व निर्वाह गर्नको लागि नै प्रहरीको व्यवस्था भएको हो । प्रहरीले निर्वाह गर्नु पर्ने बिभिन्न दायित्वहरु मध्ये बिदेसी कुटनीतिक नियोग, महत्वपूर्ण प्रतिष्ठान बिशिष्ट व्यक्ति लगायत सरकारी तथा गैह्र सरकारी महत्वपूर्ण सार्बजनिक कार्यालयहरु जस्ता संवेदनसिल एवं अति महत्वपूर्ण स्थानहरुको सुरक्षामा खटिने सुरक्षा कर्मिहरुलाई प्रभावकारी कार्य सम्पादनका लागी आवश्यक पर्ने ज्ञान ,सिपलाई पुनर्ताजगी एवं अभिबृद्धि गर्न सकिने बिषय बस्तुहरु एवं सम्बन्धित अभ्यासलाई यस पाठ्यक्रममा समावेश गरीएको छ ।

## २. तालीमको उदेश्य :

प्रहरी सेवाका प्र.ह. तथा प्र.ज. हरुलाई अंगरक्षकको रुपमा कार्यरत रहि बिशिष्ट व्यक्ति तथा उ संग सम्बन्धित अन्य व्यक्ति तथा स्थानको सुरक्षा गर्ने दायित्वलाई प्रभावकारी ढंगले बहन गर्न मानसिक तथा शारीरिक रुपले सक्षम तुल्याउनु यस तालीमको उद्धेश्य रहने छ

क. आन्तरिक प्रशिक्षण :

बिशिष्ट व्यक्तिको सुरक्षा कार्यमा खटिंदा अंगरक्षकलाई आवश्यक पर्ने सैद्धान्तिक तथा व्यवहारिक ज्ञान र सिपको बिकास गर्ने उद्धेश्यले आन्तरिक प्रशिक्षण तर्फ निम्न बिषयहरुमा प्रशिक्षण दिईने व्यवस्था गरिएको छ

- सुरक्षाको सैद्धान्तिक पक्ष
- बिशिष्ट व्यक्तिको सुरक्षाका बिबिध पक्षहरु
- बिशिष्ट व्यक्तिको सुरक्षा संग सम्बन्धित चलचित्रहरु
- कारकेड पद्धति
- प्राथमिक उपचार
- प्रहरी आचरण तथा व्यवहार
- तनाव व्यवस्थापन
- महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा
- हात हतियार तथा बिष्फोटक पदार्थ सम्बन्धी जानकारी
- हतियार प्रयोग सम्बन्धि ऐन नियमहरु
- संचार साधनको जानकारी
- नक्शा अध्ययन
- सूचना संकलन तथा सूचनाको सुरक्षा
- Body protection Escort Drill
- Vehicle anti Ambush Drill
- Vehicle Escort Drill

ख. वाह्य प्रशिक्षण तर्फ :

यस तालीमका सहभागीहरुलाई शारीरिक रुपले सक्षम बनाउन एवं सहन शक्ति, आत्मरक्षाको कला बिकास गराउने उद्धेश्यले यस तालीम कार्यक्रममा वाह्य प्रशिक्षण समेतको व्यवस्था गरिएको छ । यस प्रशिक्षणमा निम्न बिषयहरुमा प्रशिक्षण दिईने व्यवस्था गरिएको छ ।

(क) शारीरिक व्यायाम, लामोदौड, वाधापार  
(ग) खाली हात लडाई  
(घ) खेलकूद  
(ङ) मस्केट्री / चांदमारी

## ३. प्रशिक्षार्थी

यस तालीममा प्रहरी सेवाका प्र.ह./प्र.ज. दर्जाका कर्मचारीलाई सहभागी गराईनेछ ।

## ४. तालिम अवधि :

यस तालीम १८ कार्य दिनको हुनेछ ।

## ५. प्रशिक्षण बिधि :

(क) प्रवचन  
(ख) समुहगत छलफल  
(ग) अभिनय गर्नु  
(घ) प्रदर्शन बिधि  
(ङ) श्रव्यदृष्य सामाग्रीको प्रयोग  
(ग) स्थलगत भ्रमण  
(ङ) प्रयोगात्मक अभ्यास

## ६. **मूल्याङ्कन** :

चरणगत र अन्तिम परीक्षाको आधारमा ३०० पूणांङ्कमा अन्तिम मूल्याङ्कन गरिनेछ ।

(क) आन्तरिक प्रशिक्षण तर्फ .........१०० पूर्णाङ्क
(ख) वाह्य.................................१०० पूर्णाङ्क
(ग) चांदमारी . .................५० पूर्णाङ्क
(घ) प्रशिक्षण मूल्याङ्कन ..................३० पूर्णाङ्क
जम्माः २८० पूर्णाङ्क

| **श्रेणी** | **प्राप्त प्रतिशत** |
|---|---|
| "क" श्रेणी : | ७५%भन्दा माथी |
| "ख" श्रेणी : | ६० % देखि ७४.९ % सम्म |
| "ग" श्रेणी : | ५० % देखि ५९.९ % सम्म |

## ७. **पोशाक** :

प्रशिक्षण अवधिमा प्रशिक्षार्थीहरुले बिभिन्न अवस्थामा निम्न पोशाक प्रयोग गर्नु पर्नेछ ।

(क) शारिरीक व्यायाम :
चुस्ता भेष्ट र पाइण्ट, वेभ वेल्ट, निलो मोजा र बुट

(ख) कवाज : चुस्ता, वेभ वेल्ट, बुट,निलो मोजा, फटिक क्याप

(ग) खेलकुद : पि.टी. जुत्ता, सेतो एरि भेष्ट, निलो कट्ट, निलो मोजा

(घ) निरीक्षण कवाज :मौसम अनुसारको वर्किङ ड्रेस

(ङ) आन्तरिक कक्षा मौसम अनुसारको वर्किङ ड्रेस

(च) रोलकल ड्रेस : छालाको जुत्ता, कटनको पाइन्ट,सर्ट ढाका टोपी, कालो छालाको वेल्ट र मोजा

(छ) आउट ड्रेस : छालाको जुत्ता, कटनको पाइन्ट, ढाका टोपी, कालो छालाको वेल्ट र मोजा